# जनसङ्ख्या शिक्षा

## १. परिचय

विद्यालयस्तरका विद्यार्थीहरूलाई जनसङ्ख्या वृद्धिका प्रक्रिया, कारण र परिणामका सम्बन्धमा विषयगत ज्ञान र अनुभव प्रदान गरी उनीहरूमा जनसङ्ख्या व्यवस्थापनको ज्ञान र समझ विकास गराउने अभिप्रायले जनसङ्ख्या शिक्षा विषयलाई महत्त्व दिएको पाइन्छ । सोहीअनुरूप माध्यमिक तह (कक्षा ९ र १०) मा १०० पूर्णाङ्कको ऐच्छिक विषयका रूपमा जनसङ्ख्या शिक्षा विषय पठनपाठनको निम्ति पाठ्यक्रम ढाँचामा समावेश गरिएको छ ।

विद्यालयस्तरको अध्ययनमा आधारभूत तहमा जनसङ्ख्या विषयलाई सामाजिक शिक्षा, विज्ञान र स्वास्थ्य शिक्षाका विषयभित्र समावेश गरी जनसङ्ख्या शिक्षा विषयमा जानकारी दिने अभिप्राय लिइएको छ भने आधारभूत तह (कक्षा ६,७ र ८) मा जनसङ्ख्या शिक्षा विषयलाई सामाजिक अध्ययन विषयसँग एकीकृत गरी अनिवार्य विषय बनाइएको छ । जनसङ्ख्या शिक्षाका सम्बन्धमा गहन ज्ञान र सिप प्रदान गर्नका लागि जनसङ्ख्या शिक्षा विषयलाई १०० पूर्णाङ्कको इच्छाधीन विषय कायम गरी एक सिङ्गो पाठ्यविषयको स्वरूप दिन आवश्यकता महसुस गरी पठनपाठन भइरहेको सन्दर्भमा वि.सं.२०६२/०६३ को दोस्रो जनआन्दोलनपश्चात् लोकतन्त्र प्राप्ति पछि देशभर राजनीतिक परिवर्तन भएको सन्दर्भ र विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ को परिमार्जन २०७१ ले मार्गनिर्देश गरेअनुसार ऐच्छिक दोस्रो समूहमा अन्य विभिन्न विषयहरूसहित जनसङ्ख्या शिक्षा विषयलाई पनि समूहीकृत गरिएको छ ।

माध्यमिक तहको (कक्षा ९ र १०) मा स्वास्थ्य जनसङ्ख्या तथा वातावरण विषय अनिवार्य गरिएकामा जनसङ्ख्या शिक्षाका सम्बन्धमा ठोस ज्ञान र व्यावहारिक सिप प्रदान गरी विद्यार्थीहरूमा व्यक्ति, परिवार, समुदाय, समाज, देश र विश्वको जनसङ्ख्या स्थिति र समस्याप्रति समझदारी बढाई आवश्यकताअनुसार व्यवहारमा परिवर्तन ल्याई देश विकासमा सहयोग गर्नका लागि जनसङ्ख्या विषयलाई इच्छाधीन विषयका रूपमा समावेश गरिएअनुसार यो पाठ्यक्रम तयार पारिएको छ । यो विषयको पाठ्यक्रमलाई ७५ पूर्णाङ्क सैद्धान्तिक र २५ पूर्णाङ्क प्रयोगात्मक क्रियाकलापमा आधारित हुने गरी निर्माण गरिएको छ । सक्षमतामा आधारित यस पाठ्यक्रमका लागि पाठ्यघन्टी ५ र वार्षिक कार्यघन्टी १७० निर्धारण गरिएको छ । यस पाठ्यक्रममा मूलत: जनसङ्ख्या र जनसङ्ख्या शिक्षाको अवधारणा, जनसङ्ख्याका सामान्य सिद्धान्त, नीति तथा कार्यक्रम, जनसङ्ख्या स्थिति, लैङ्गिकता, बृहत् यौनिकता शिक्षा, पारिवारिक जीवन शिक्षा, जनसङ्ख्या व्यवस्थापन, दिगो विकास र जनसङ्ख्या विश्लेषण जस्ता क्षेत्रको सैद्धान्तिक र प्रयोगात्मक ज्ञान, अनुभव प्रदान गर्न खोजिएको छ ।

## २. तहगत सक्षमता

कक्षा ९ र १० को अध्ययन पूरा गरेका विद्यार्थीहरूले निम्नानुसारका सक्षमता हासिल गर्ने छन् :

१. जनसङ्ख्याको परिचय, विशेषता, महत्त्व, क्षेत्र र नेपालमा जनसङ्ख्या शिक्षाको विश्लेषण
२. जनसङ्ख्या सिद्धान्त, नेपालको जनसङ्ख्या नीति तथा कार्यक्रमको वर्तमान अवस्था तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको व्याख्या
३. विश्व जनसङ्ख्या स्थितिको विश्लेषण, जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरूको विश्लेषण र जनसङ्ख्या प्रक्षेपण विधि र तरिकाहरूको प्रदर्शन
४. बृहत् यौनिकता शिक्षाका प्रमुख अवधारणाहरूको पहिचान तथा लैङ्गिकताका विविध पक्षहरूको विश्लेषण
५. पारिवारिक जीवन शिक्षाले मानवीय जीवनका विविध पक्षहरूमाथि पार्ने प्रभावको व्याख्या
६. ज्येष्ठ नागरिकसम्बन्धी सामाजिक, सांस्कृतिक, जनसाङ्ख्यिक सवाल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति कार्यक्रम तथा ज्येष्ठ नागरिक व्यवस्थापन
७. जनसङ्ख्या वृद्धिको अवधारणा, कारण, असर र व्यवस्थापनका उपायहरूको पहिचान
८. जनसाङ्ख्यिक तथ्याङ्कका प्राथमिक स्रोतहरूको व्याख्या
९. जनसङ्ख्या र विकासको सम्बन्ध, दिगो विकास र यसको लक्ष्य, महत्त्व र अवस्था विश्लेषण एवम् नयाँ आयाम वर्णन
१०. सहरीकरण र औद्योगिकीकरणको असर र व्यवस्थापनका उपायहरू वर्णन
११. जनसङ्ख्या शिक्षामा अनुसन्धानको महत्त्व र प्रक्रियाको विवेचना
१२. जनसङ्ख्या शिक्षामा तथ्याङ्क शास्त्रको प्रयोग

## ३. कक्षागत सिकाइउपलब्धि

### (क) कक्षा ९ का सिकाइ उपलब्धिहरू

कक्षा ९ को अन्तमा विद्यार्थीहरूमा निम्नलिखित सिकाइ उपलब्धिहरू हासिल हुने छन् :

१. जनसङ्ख्याको परिचय, उद्देश्य र महत्त्व बताउन
२. जनसङ्ख्याको विशेषताहरू व्याख्या गर्न
३. माल्थसको जनसङ्ख्या सिद्धान्त र नेपालको सन्दर्भमा यसको प्रयोगबारे व्याख्या गर्न
४. जनसङ्ख्यासम्बन्धी कार्लमाक्सको समाजवादी धारणा र नेपालको सम्बन्धमा यसको प्रयोगबारे वर्णन गर्न

५. आदर्श जनसङ्ख्या सिद्धान्तको व्याख्या गर्न
६. जनसाङ्ख्यिक सङ्क्रमणको सिद्धान्त विश्लेषण गर्न
७. जनसङ्ख्यासम्बन्धी जन्मपक्षीय र जन्म विरुद्ध नीतिको अवधारणा व्याख्या गर्न
८. विश्व जनसङ्ख्याको आकारको विगत र वर्तमान अवस्था तुलना गर्न
९. नेपालको जनसङ्ख्या आकारको विगत र वर्तमान अवस्थाको वर्णन गर्न
१०. नेपालको जनसङ्ख्या बनोट र वितरण स्थितिको व्याख्या गर्न
११. जनसङ्ख्या पिरामिडको निर्माण र विश्लेषण गर्न
१२. जनघनत्व र यसको वर्तमान अवस्थाको अवधारणा प्रस्तुत गर्न
१३. लैङ्गिकताको परिचय दिन
१४. यौन र लैङ्गिकताबिच भिन्नता छुट्याउन
१५. लैङ्गिक भूमिका र विभेद पहिचान गर्न
१६. बृहत् यौनिकता शिक्षाको परिचय दिई यसको औचित्य वर्णन गर्न
१७. बृहत् यौनिकता शिक्षाका अवधारणाहरू विश्लेषण गर्न
१८. पारिवारिक जीवन शिक्षाको आवश्यकता प्रस्ट्याउन
१९. पारिवारिक जीवन शिक्षा, रोजगारी र मानव बेचबिखन तथा ओसारपसार बिचको अन्योन्याश्रित सम्बन्धको व्याख्या गर्न
२०. परिवार योजना तथा त्यसको आकार प्रकारको वर्णन गर्न
२१. गुणस्तरीय जीवन र पारिवारिक जीवन शिक्षाका सम्बन्धको विश्लेषण गर्न
२२. जनसङ्ख्या वृद्धि र तीव्र जनसङ्ख्या वृद्धिको अवधारणा प्रस्तुत गर्न
२३. तीव्र जनसङ्ख्या वृद्धिका कारण र असर पहिल्याई त्यसको व्यवस्थापनका उपायहरू वर्णन गर्न
२४. जनसङ्ख्या व्यवस्थापनमा संलग्न राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्था तथा निकायहरूको भूमिका एवम् कार्यहरू उल्लेख गर्न
२५. जनसङ्ख्या र विकास बिचको सम्बन्ध पहिचान गर्न
२६. दिगो विकास र यसको महत्त्व बोध गरी विश्लेषण गर्न
२७. सहरीकरण तथा औद्योगीकीकरणका असर तथा व्यवस्थापनका उपायहरू उल्लेख गर्न
२८. जनसङ्ख्या, प्राकृतिक स्रोत, दिगो विकासको सम्बन्ध र प्रयोग बारे सचेत रहन
२९. जनसङ्ख्या शिक्षामा अनुसन्धानको सैद्धान्तिक विवेचना गर्न
३०. अनुसन्धान प्रक्रियाका चरणहरूको प्रयोग र प्रदर्शन गर्न

### (ख) कक्षा १० का सिकाइ उपलब्धिहरू

कक्षा १० को अन्तमा विद्यार्थीहरूमा निम्नलिखित सिकाइ उपलब्धि हासिल हुने छ :

१. जनसङ्ख्या शिक्षाको परिचय व्याख्या गर्न
२. जनसङ्ख्या शिक्षाको विशेषताहरू वर्णन गर्न
३. जनसङ्ख्या शिक्षाको क्षेत्रहरू पहिचान गर्न
४. नेपालमा जनसङ्ख्या शिक्षाको स्थिति विश्लेषण गर्न
५. जनसङ्ख्या नीतिको अवधारणा प्रस्ट पार्न
६. नेपालको सन्दर्भमा जनसङ्ख्यासँग सम्बन्धित विविध कार्यक्रमहरू व्याख्या गर्न
७. नेपालको वर्तमान जनसङ्ख्या नीतिको विश्लेषण गर्न
८. नेपालका सन्दर्भमा जनसङ्ख्यासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूका बारेमा छलफल गर्न
९. जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरूको विश्लेषण गर्न
१०. जनसङ्ख्या प्रक्षेपणको अवधारणा, अवश्यकता र महत्त्व पुष्टि गर्न
११. जनसङ्ख्या प्रक्षेपण विधि र तरिकाहरूबिच तुलना गर्न ।
१२. नेपालमा लैङ्गिकताको स्थिति व्याख्या गर्न
१३. विभिन्न लैङ्गिक मुद्दाहरू पहिचान गर्न
१४. लैङ्गिक मुद्दा सम्बोधन गर्ने उपायहरू सुझाउन
१५. विवाहको अवधारणा प्रस्ट पार्न
१६. विवाहको सामाजिक, सांस्कृतिक, आर्थिक पक्षहरूको व्याख्या विश्लेषण गर्न
१७. ज्येष्ठ नागरिकसम्बधी बृहत् यौनिकताको अवधारणा र समाज तथा संस्कृतिसँग अन्तरसम्बन्ध बताई लैङ्गिकतामा आधारित हिंसाबिरुद्ध सचेतीकरण गर्न
१८. ज्येष्ठ नागरिकसम्बन्धी सामाजिक, सांस्कृतिक जनसाङ्ख्यिक सवालमा तर्कहरू राख्न
१९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति कार्यक्रमको वर्णन गर्न
२०. ज्येष्ठ नागरिक व्यवस्थापनका उपायहरू बताउन
२१. जनसङ्ख्या तथ्याङ्कका प्राथमिक स्रोतहरू पहिचान गरी वर्णन गर्न
२२. दिगो विकास अवधारणा र जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरू वर्णन गर्न
२३. दिगो विकासको लक्ष्य तथा आयामहरूको विश्लेषण गर्न सक्ने
२४. तथ्याङ्क शास्त्रका साधनहरूको पहिचान गर्न
२५. जनसङ्ख्या शिक्षामा तथ्याङ्क शास्त्रका विविध साधनको प्रयोग गरी जनसङ्ख्या विश्लेषण गर्न

## ४. विषयवस्तुको क्षेत्र र क्रम तालिका

**कक्षा : ९**

| क्र.स. | एकाइ | सक्षमता | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | पाठ्यभार |
|---|---|---|---|---|---|
| | १. जनसङ्ख्या र जनसङ्ख्या शिक्षा<br>(Population and Population Education) | जनसङ्ख्याको परिचय,विशेषता, महत्त्वको व्याख्या | – जनसङ्ख्याको परिचय र विशेषताहरु वर्णन गर्न<br>– जनसङ्ख्या शिक्षाको उद्देश्य र महत्त्व बताउन | १.१ जनसङ्ख्याको परिचय<br>१.२ जनसङ्ख्याका विशेषताहरू<br>१.३ जनसङ्ख्या शिक्षाको उद्देश्य<br>१.४ जनसङ्ख्या शिक्षाको महत्त्व | १५ |
| | २. जनसङ्ख्या सिद्धान्त, नीति तथा कार्यक्रम<br>(Population, Policies theories and programmes) | जनसङ्ख्या सिद्धान्त, नीति तथा कार्यक्रम र यस सन्दर्भमा नेपालको प्रयासको व्याख्या | – माल्थसको जनसङ्ख्या सिद्धान्त र नेपालको सन्दर्भमा यसको प्रयोगबारे ख्याख्या गर्न<br>– जनसङ्ख्यासम्बन्धी कार्ल माक्सको समाजवादी धारणा र नेपालको सम्बन्धमा यसको प्रयोगबारे वर्णन गर्न<br>– आदर्श जनसङ्ख्या सिद्धान्तको व्याख्या गर्न<br>– जनसाङ्खिक सङ्क्रमणको सिद्धान्त विश्लेषण गर्न<br>– जनसङ्ख्यासम्बन्धी जन्म पक्षीय र जन्म विरुद्ध नीतिको अवधारणा व्याख्या गर्न | २.१ जनसङ्ख्या सिद्धान्तको अवधारणा<br>२.२ जनसङ्ख्या सिद्धान्तहरू<br>क) माल्थसको जनसङ्ख्या सिद्धान्त र नेपालका सन्दर्भमा यसको प्रयोग<br>ख) जनसङ्ख्यासम्बन्धी कार्लमार्क्सको समाजवादी धारणा र नेपालका सन्दर्भमा यसको प्रयोग<br>ग) आदर्श जनसङ्ख्या सिद्धान्तको व्याख्या,<br>घ) जनसाङ्ख्यिक सङ्क्रमणको सिद्धान्त विश्लेषण,<br>२.३ जनसङ्ख्यासम्बन्धी जन्म पक्षीय र जन्म विरुद्ध नीति<br>(चीन, भियतनाम, कतार र नेपालको सन्दर्भसहित) | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. जनसङ्ख्या स्थिति (Population Situation) | विश्व जनसङ्ख्या स्थितिकोविश्लेषण | – विश्व जनसङ्ख्याको आकारको विगत र वर्तमान अवस्था तुलना गर्न<br>– नेपालको जनसङ्ख्या आकारको विगत र वर्तमान अवस्थाको वर्णन गर्न<br>– नेपालको जनसङ्ख्या बनोट र वितरण स्थितिको व्याख्या गर्न<br>– जनसङ्ख्या पिरामिडको निर्माण र विश्लेषण गर्न<br>– जनघनत्व र यसको वर्तमान अवस्थाको अवधारणा प्रस्तुत गर्न | ३.१ विश्व जनसङ्ख्या : विगत र वर्तमान अवस्था<br>३.२ विकसित र विकासोन्मुख देशहरूको जनसङ्ख्या आकारको तुलना<br>(क) जनसङ्ख्या पिरामिडको अवधारणा<br>(ख) विकसित र विकासोन्मुख राष्ट्रहरूको जनसङ्ख्या पिरामिडको आकार<br>३.३ सार्क राष्ट्रहरूको वर्तमान जनसङ्ख्या आकारको तुलना<br>३.४ नेपालको जनसङ्ख्या विगत र वर्तमान<br>(क) नेपालको जनसङ्ख्याको आकार : विगत र वर्तमान<br>(ख) जनसङ्ख्या बनोट<br>(ग) जनसङ्ख्याको वितरण<br>(घ) जनघनत्व<br>(ङ) नेपालको जनसङ्ख्या पिरामिड | १५ |
| | ४. लैङ्गिकता | लैङ्गिकताका विभिन्न पक्षको व्याख्या | – लैङ्गिकताको परिचय दिन<br>– यौन र लैङ्गिकताबिच भिन्नता छुट्याउन<br>– लैङ्गिक भूमिका र विभेद पहिचान गर्न | ४.१ लैङ्गिकताको परिचय<br>४.२ यौन र लैङ्गिकतामा भिन्नता<br>४.३ लैङ्गिक विभेद र लैङ्गिक भूमिका<br>(क) महिला र पुरुषलाई हुने विभेद<br>(ख) लैङ्गिक भूमिकाको परिचय<br>(ग) महिला र पुरुषले गर्ने कामहरू | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५. बृहत् यौनिकता शिक्षा | बृहत् यौनिकता शिक्षाका प्रमुख अवधारणाहरूको पहिचान | – बृहत् यौनिकता शिक्षाको परिचय र यसको औचित्य वर्णन गर्न<br>– बृहत् यौनिकता शिक्षाका अवधारणाहरू विश्लेषण गर्न | ५.१ बृहत् यौनिकता शिक्षाको अवधारणा<br>(क) बृहत् यौनिकता शिक्षाको परिचय<br>(ख) बृहत् यौनिकता शिक्षाको उद्देश्य<br>(ग) बृहत् यौनिकता शिक्षाको महत्त्व<br>५.२ यौनिकता शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय निर्देशन (ITGSE) बाट प्राप्त मुख्य अवधारणाहरू<br>५.३ सम्बन्ध<br>(क) परिवारका सदस्यहरूको भूमिका<br>(ख) मित्रता, प्रेम र सम्बन्ध<br>(ग) सहनशीलता र सम्मान<br>(घ) दिगो प्रतिबद्धता, विवाह र अभिभावकत्व<br>५.४ मूल्य, अभिवृत्ति र सिप<br>(क) मूल्य, अभिवृत्ति र यौनिकतासम्बन्धी सिकाइका स्रोतहरू<br>(ख) यौनिक व्यवहारप्रतिको मान्यता र दौतरी प्रभाव<br>(ग) निर्णय गर्ने सिप<br>(घ) सञ्चार सिप र सम्झौता गर्ने सिप<br>(ङ) यौनिक समस्या समाधान गर्नको लागि सहयोग प्राप्त गर्ने तरिका | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६. पारिवारिक जीवन शिक्षा<br><br>(Family life education) | पारिवारिक जीवन शिक्षाले मानवीय जीवनका विविध पक्षहरूमाथि पार्ने प्रभावको व्याख्या | – पारिवारिक जीवन शिक्षाको आवश्यकता प्रस्ट्याउन<br>– पारिवारिक जीवन शिक्षा, रोजगारी र मानव बेचबिखन तथा ओसार पसारबिचको अन्योन्याश्रित सम्बन्धको व्याख्या गर्न<br>– परिवार योजना तथा त्यसको आकार प्रकार वर्णन गर्न<br>– गुणस्तरीय जीवन र पारिवारिक जीवन शिक्षाका सम्बन्धको विश्लेषण गर्न | १ पारिवारिक आवश्यकता र श्रोत व्यवस्थापन<br>६.१.१ पारिवारिक जीवन शिक्षाको अवधारणा<br>६.१.२ जिम्मेवार अभिभावकत्वको अवधारणा<br>६.१.३ परिवारको आमा, बाबुको भूमिका तथा जिम्मेवारी<br>६.२ पारिवारिक जीवन शिक्षा, रोजगारी र मानव बेचबिखन तथा ओसारपसार बीचको अन्तरसम्बन्ध<br>६.२.१ रोजगारी र सुखद पारिवारिक जीवनको लागि यसका आवश्यकता<br>६.२.२ मानव बेचबिखन तथा ओसारपसारको अवधारणा<br>६.२.३ मानव बेचबिखन तथा ओसारपसारका कारण, रोकथाम तथा नेपालको सन्दर्भमा यसको चुनौती<br>६.३ पारिवारिक जीवन चक्र<br>(क) परिवार योजना<br>(ख) परिवार नियोजनको अवधारणा<br>(ग) परिवारको आकार र प्रकार:<br>एकल परिवार र संयुक्त परिवारको अवधारणा तथा विशेषताहरू | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | (घ) मानव जीवनमा परिवार को आवश्यकता, महत्त्व र कार्य<br>६.४ गुणस्तरीय जीवन शिक्षाको अवधारणा<br>– सानो परिवारबाट गुणस्तरीय जीवनमा पुग्ने सहयोग<br>– पारिवारिक जीवन शिक्षाले गुणस्तरीय जीवनमा पुग्ने फाइदा | |
| | ७ जनसङ्ख्या व्यवस्थापन<br>Population Management | (क) जनसङ्ख्या वृद्धिको अवधारणा कारण असर र व्यवस्थापनका उपायहरूको पहिचान | – जनसङ्ख्या वृद्धि र तीव्र जनसङ्ख्या वृद्धिको अवधारणा प्रस्तुत गर्न<br>– तीव्र जनसङ्ख्या वृद्धिका कारण र असर पहिल्याई त्यसको व्यवस्थापनका उपायहरू वर्णन गर्न<br>– जनसङ्ख्या व्यवस्थापनमा संलग्न राष्ट्रिय अन्तर्राष्ट्रिय संथा तथा निकायहरूको भूमिका एवम् कार्यहरू उल्लेख गर्न | ७.१ जनसङ्ख्या वृद्धिको परिचय : तीव्र जनसङ्ख्या वृद्धिको अवधारणा<br>७.२ तीव्र जनसङ्ख्या वृद्धिका कारणहरू<br>(क) सामाजिक कारण: अशिक्षा, कम उमेरमा विवाह, छोराको मान्यता, परिवारको आकार, महिलाको स्थिति तथा उच्च शिशु मृत्युदर<br>आर्थिक कारण<br>(ख) आर्थिक स्तर, गरिबी, बेरोजगारी, कृषिमा आधारीत व्यवसाय,<br>७.३ तीव्र जनसङ्ख्या वृद्धिका असरहरू<br>(क) आर्थिक - सामाजिक असर : स्वास्थ्य सेवा सुविधा, शिक्षा, रोजगारी, खाद्यान्न स्वच्छ खानेपानी, आवास | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | (ख) वातावरणीय असर :<br>– वनस्पति, जल र स्थल प्राणी, हावा, पानी, माटो, खनिज, वातावरणीय प्रदुषण<br>७.४ तीव्र जनसङ्ख्या वृद्धिको व्यवस्थापनका उपायहरू<br>– स्तरीय शिक्षा, लैंगिक समानता, उपयुक्त उमेरमा विवाह, जन्मान्तर, गर्भ निरोधका उपायहरू (प्राकृतिक र कृत्रिम, स्थायी र अस्थायी)<br>७.५ जनसङ्ख्या व्यवस्थापनमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था तथा निकायहरू<br>(क) संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष (UNFPA)<br>(ख) युक्त राष्ट्र सङ्घीय बालकोष (UNICEF)<br>(ग) विश्व खाद्य तथा कृषि सङ्गठन (FAO)<br>(घ) नेपाल परिवार नियोजन सङ्घ (FPAN) | |
| | ८<br>जनसङ्ख्या र दिगो विकास | (क) जनसङ्ख्या र विकासको सम्बन्ध, दिगो विकास र यसको महत्त्व बोध<br>(ख) जनसङ्ख्या प्राकृतिक स्रोत र दिगो विकासको विश्लेषण | – जनसङ्ख्या र विकास बिचको अन्तरसम्बन्ध पहिचान गर्न<br>– दिगो विकास र यसको महत्त्व बोध गरी विश्लेषण गर्न<br>– जनसङ्ख्या प्राकृतिक स्रोत दिगो विकासको सम्बन्ध र प्रयोगबारे सचेत रहन | ८.१ जनसङ्ख्या र विकास बिचको अन्तरसम्बन्ध<br>८.२ दिगो विकासका आयामहरु<br>(क) दिगो विकासको परिचय महत्त्व<br>(ख) प्राकृतिक स्रोत साधनको उचित प्रयोग | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ग) शहरीकरण र औद्योगिकीकरणको असर र उपायहरू उल्लेख | – सहरीकरण तथा औद्योगीकी कारण असर तथा उपाय उल्लेख गर्न | (ग) जिम्मेवारी वहन<br>(घ) आधारभूत वस्तुको परिपूर्ति<br>(ङ) जनसहभागितामा विकास<br>(च) विकासको सीमा<br>(छ) दीर्घकालीन सोच<br>८.३ जनसङ्ख्या प्राकृतिक स्रोत र दिगो विकास बिचको सम्बन्ध<br>८.४ सहरीकरण र औद्योगिकीकरण<br>(क) सहरीकरणका कारण<br>(ख) अव्यवस्थित सहरीकरण र औद्योगिकीकरणका असर र यसलाई न्यूनीकरण गर्ने उपायहरू | |
| | ९ जनसङ्ख्या विश्लेषण<br>( Population analysis ) | जनसङ्ख्या शि( क्षामाअनुसन्धानको महत्त्व र प्रक्रियाको विवेचना | – जनसङ्ख्या शिक्षामा अनुसन्धानको सैद्धान्तिक विवेचना गर्न<br>– अनुसन्धान प्रक्रियाका चरणहरूको प्रयोग र प्रदर्शन गर्न | ९.१ जनसङ्ख्या शिक्षामा अनुसन्धान<br>(क) अनुसन्धानको अवधारणा<br>(ख) अनुसन्धानको उद्देश्य<br>(ग) जनसङ्ख्या शिक्षामा अनुसन्धानको आवश्यकता र महत्त्व<br>९.२ अनुसन्धान प्रक्रिया<br>– पृष्ठभूमि/परिचय<br>– उद्देश्य<br>– औचित्य<br>– सम्बन्धित साहित्यको पुनरवलोकन<br>– अनुसन्धान विधि<br>– तथ्याङ्कको तालिकीकरण, प्रस्तुतीकरण, विश्लेषण र व्याख्या | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | – सारांश, निष्कर्ष र सुझाव<br>– सन्दर्भ सूची (तयार गर्ने विधिसहित) | |
| प्रयोगात्मक | | | | | ४२ |
| सैद्धान्तिक | | | | | १२८ |
| जम्मा | | | | | १७० |

## कक्षा १०

| क्र.स. | एकाइ | सक्षमता | सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | पाठ्यभार |
|---|---|---|---|---|---|
| | १. जनसङ्ख्या र जनसङ्ख्या शिक्षा | जनसङ्ख्या शिक्षाको परिचय, विशेषता, क्षेत्र र नेपालमा जनसङ्ख्या शिक्षाको विश्लेषण | – जनसङ्ख्याको परिचय व्याख्या गर्न<br>– जनसङ्ख्या शिक्षाको विशेषताहरू वर्णन गर्न<br>– जनसङ्ख्या शिक्षाको क्षेत्रहरू पहिचान गर्न<br>– नेपालमा जनसङ्ख्या शिक्षाको स्थिति विश्लेषण गर्न | – जनसङ्ख्या शिक्षाको परिचय र अवधारणा<br>– जनसङ्ख्या शिक्षाको विशेषताहरू<br>– जनसङ्ख्या शिक्षाका क्षेत्रहरू<br>– नेपालमा जनसङ्ख्याको आकार, वृद्धिदर वितरण<br>– छिमेकी देशहरूमा जनसङ्ख्या शिक्षासम्बन्धी अभ्यासहरू<br>– भारत<br>– चीन<br>– जापान | २० |
| | २. जनसङ्या नीति तथा कार्यक्रम र नेपाल | नेपालको जनसङ्ख्या नीति तथा कार्यक्रमको वर्तमान अवस्था तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको व्याख्या | – जनसङ्ख्या नीतिको अवधारणा प्रस्ट पार्न<br>– नेपालको सन्दर्भमा जनसङ्ख्यासंग सम्बन्धित विविध कार्यक्रमहरू व्याख्या गर्न | – नेपालको जनसङ्ख्या नीति तथा कार्यक्रम<br>– नेपालमा जनसङ्ख्या तथा वातावरण मन्त्रालयको गठन तथा यसपछिका उपलब्धि<br>– नेपालमा जनसङ्ख्या नीति तथा कार्यक्रम र निम्नलिखित कुराको वर्तमान अवस्था: | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | – नेपलको वर्तमान जनसङ्ख्या नीतिको विश्लेषण गर्न<br>– नेपालका सन्दर्भमा जनसङ्ख्यासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूका बारेमा छलफल गर्न | – परिवार नियोजन कार्यक्रमको वर्तमान अवस्था<br>– शिशु तथा बालमृत्युदरको प्रवृत्ति<br>– मातृ मृत्युदरको विगत र वर्तमान अवस्था<br>– कुल प्रजनन दरको वर्तमान अवस्था<br>– परिवार नियोजन तथा अस्थायी साधन उपलब्धताको वर्तमान अवस्था<br>– नेपालमा जनसङ्ख्या नीतिको वर्तमान अवस्था<br>– आवधिक योजनाहरूमा जनसङ्ख्या नीति तथा कार्यक्रम (प्रथम पञ्चवर्षीय योजनादेखि वर्तमान चालु योजनासम्म)<br>– किशोरावस्थाका प्रजननसम्बन्धी सरकारी नीति<br>– गर्भ पतनसम्बन्धी सरकारी नीति<br>– नेपालमा गर्भ पतनको कानुनी अवस्था<br>– दीर्घकालीन जनसङ्ख्या नीति<br>– नेपालका सम्बन्धमा जनसङ्ख्यासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. जनसङ्ख्या स्थिति | जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरूको विश्लेषण र जनसङ्ख्या प्रक्षेपण विधि र तरिकाहरूको प्रदर्शन | – जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरूको विश्लेषण गर्न<br>– जनसङ्ख्या प्रक्षेपणको अवधारणा, अवश्यकता र महत्त्व पुष्टि गर्न<br>– जनसङ्ख्या प्रक्षेपण विधि र तरिकाहरू बिच तुलना गर्न | – जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरू<br>– जन्म/प्रजनन<br>– मृत्यु/मरण<br>– बसाइँसराइ<br>– जनसङ्ख्या प्रक्षेपण अवधारणा र प्रयोग<br>– जनसङ्ख्या प्रक्षेपणको अवधारणा तथा जनसङ्ख्या अनुमान र भविष्यवाणीसँग तुलना<br>– जनसङ्ख्या प्रक्षेपणको आवश्यकता र महत्त्व<br>– जनसङ्ख्या प्रक्षेपणका विधिहरू (गणितीय विधि, सम्पूरक विधि)<br>– नेपाल र विश्वको जनसङ्ख्या प्रक्षेपणको अभ्यास | १५ |
| | ४.लैङ्गिकता | लैङ्गिकताका विविध पक्षहरूको विश्लेषण | – नेपालमा लैङ्गिकताको स्थिति व्याख्या गर्न<br>– विभिन्न लैङ्गिक मुद्दाहरू पहिचान गर्न<br>– लैङ्गिक मुद्दा सम्बोधन गर्ने उपायहरू सुझाउन | – नेपालका सन्भर्दमा लैङ्गिकता<br>– लैङ्गिकताको सामाजिक संरचना<br>– लैङ्गिकतासम्बन्धी सामाजिक मूल्य मान्यता<br>– समसामयिक लैङ्गिक मुद्दाहरू<br>– लैङ्गिक समानता र समता<br>– लैङ्गिकता र महिला सशक्तीकरण<br>– लैङ्गिकताका चुनौतीहरू र अवसरहरू | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | – लैङ्गिक मुद्दा र जनसङ्ख्या शिक्षा<br>– लैङ्गिक मुद्दाका सामाजिक परिणामहरू<br>– लैङ्गिक मुद्दालाई सम्बोधन गर्ने प्रयासहरू<br>– लैङ्गिक मुद्दालाई सम्बोधन गर्ने जनसङ्ख्या शिक्षा | ८ |
| | ५. बृहत् यौनिकता शिक्षा | बृहत् यौनिकता शिक्षाका प्रमुख अवधारणाहरूको विश्लेषण | – आम सञ्चारले यौनिकतामा पारेका सकारात्मक र नकारात्मक प्रभावबारे चर्चा गर्ने<br>– मानव विकासका विभिन्न चरणहरू पहिचान गर्ने<br>– यौनिक चक्रलाई व्याख्या गर्ने<br>– यौनजन्य सङ्क्रमण र एचआईभी सङ्क्रमणको जोखिमको पहिचान गरी जोखिम न्यूनीकरण गर्ने उपायहरू अवलम्वन गर्ने | – यौनिकता संस्कृति, समाज र मानव अधिकार<br>– अवधारणा र अन्तरसम्बन्ध<br>– यौनिकता र आम सञ्चार<br>– लैङ्गिकतामा आधारित हिंसा<br>– मानव अधिकार तथा यौनिक तथा प्रजनन अधिकार र यसलाई संरक्षण गर्ने उपायहरू<br>– यौनिक तथा प्रजनन प्रणाली<br>– यौवनावस्था<br>– शारीरिक आकृति<br>– गोपनीयता तथा शरीरप्रतिको लगाव<br>– यौन, यौनिकता र यौनिक जीवन चक्र<br>– यौनिक व्यवहार र यौनिक प्रतिक्रिया<br>– यौनिक तथा प्रजनन स्वास्थ्य<br>– गर्भ व्यवस्थापन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | – यौनजन्य सङ्क्रमण र एचआईभी सङ्क्रमणको जोखिमको पहिचान र जोखिम न्यूनीकरण गर्ने उपायहरू<br>– एचआईभी र एड्स, लान्छना र पुनर्स्थापना<br>– यौन सङ्क्रमण र एचआईभी सङ्क्रमणको उपचार, हेरचाह र सहयोग | २० |
| | ६. पारिवारिक जीवन शिक्षा | विवाहका विभिन्न पक्षहरूको व्याख्या<br>ज्येष्ठ नागरिकसम्बन्धी सामाजिक, संस्कृतिक, जनसाङ्ख्यिक सवाल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति कार्यक्रम तथा ज्येष्ठ नागरिक व्यवस्थापन | – विवाहको अवधारणा प्रस्ट पार्न<br>– विवाहको सामाजिक,सांस्कृतिक, आर्थिक पक्षहरूको व्याख्या विश्लेषण गर्न<br>– ज्येष्ठ नागरिकसम्बन्धी सामाजिक, सांस्कृतिक जनसााङ्ख्यिक सवालमा तर्कहरू राख्न<br>– ज्येष्ठ नागरिक सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति कार्यक्रमको वर्णन गर्न<br>– ज्येष्ठ नागरिक व्यवस्थापनका उपायहरू बताउन | – विवाहको अवधारणा किसिम र प्रचलित प्रकारहरू<br>– (मागी विवाह, भगाइ विवाह, भाउजु बेहोर्ने विवाह, गन्धर्व विवाह, जारी विवाह)<br>– विवाहको उपयुक्त उमेर<br>– विवाहसम्बन्धी जनसाङ्ख्यिक सवालहरू<br>– विवाहसम्बन्धी कानुनी प्रावधानहरू (बदर हुने विवाह, बदर हुन सक्ने विवाह, दण्डनीय विवाह, वैध विवाह<br>– विवाहसम्बन्धी समाजवादी दृष्टिकोण<br>(एक पति – एक पत्नी प्रथा, बहु पति प्रथा, बहु पत्नी प्रथा )<br>– जनसाङ्ख्यिक दृष्टिकोणमा विवाह<br>(पहिलो विवाह, दोस्रो वा पुन: विवाह) | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | – बाँझोपनाको अवधारणा, कारण, प्रभाव र व्यवस्थापन<br>(पुरुषको कारण,महिलाको कारण)<br>– बाँझोपनाका प्रभाव<br>– बाँझोपना समाधानका उपायहरू<br>– दम्पती आफैँले गर्ने उपाय, चिकित्सकको सहयोगबाट गरिने उपाय<br>– ज्येष्ठ नागरिकसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति र कार्यक्रमहरू<br>– विकसित तथा विकासोन्मुख राष्ट्रहरूमा ज्येष्ठ नागरिकको वृद्धिको प्रवृत्ति, ASSRC मा ज्येष्ठ नागरिकको अवस्था, औषत उमेर र वृद्धावस्था,<br>– ज्येष्ठ नागरिकसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति तथा कार्यक्रमहरू<br>– ज्येष्ठ नागरिकसम्बन्धी सामाजिक, सास्कृतिक र जनसाङ्ख्यिक सवालहरू<br>– ज्येष्ठ नागरिक व्यवस्थापन | |
| | ७. जनसङ्ख्या तथ्याङ्कका स्रोतहरू<br>Population Manage-ment | – जनसङ्ख्या तथ्याङ्का प्राथमिक स्रोतहरूको व्याख्या | – जनसङ्ख्या तथ्याङ्कका प्रथमिक स्रोतहरू पहिचान गरी वर्णन गर्न | – जनसङ्ख्या तथ्याङ्कका स्रोतहरू<br>○ प्राथमिक स्रोत<br>○ द्वितीय स्रोत<br>प्राथमिक स्रोत<br>– जनगणना | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | – जनगणनाको ऐतिहासिक विकास<br>– स्थायी जनगणना विधि<br>– अस्थायी जनगणना विधि<br>– परिस्कृत स्थायी जनगणना विधि<br>– नमुना सर्वेक्षण<br>– पञ्जीकरण प्रणाली<br>– प्रशासकीय लागत<br>– जनसङ्ख्यामा अभिलेख | १५ |
| | एकाइ ८<br>जनसङ्ख्या र दिगो विकास<br>Population Sustainable Development | (क) दिगो विकासको लक्ष्यको अवधारण र जनसङ्ख्या अवस्था विश्लेषण<br>(ख) दिगो विकासको नयाँ आयाम वर्णन | – दिगो विकास अवधारणा र जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने तत्त्वहरूको वर्णन गर्न<br>– दिगो विकासको लक्ष्य तथा आयामहरूको विश्लेषण गर्न | – दिगो विकासको लक्ष्यको अवधारणा<br>– दिगो विकासको लक्ष्य र जनसङ्ख्या<br>– दिगो विकासमा नयाँ आयामहरू:<br>आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, राजनीतिक, मानवीय, प्रशासकीय<br>– दिगो विकासको लक्ष्य र नेपाल | १५ |
| | ९.<br>जनसङ्ख्या विश्लेषण<br>(Population analysis) | जनसङ्ख्या शिक्षामा तथ्याङ्क शास्त्रको प्रयोग | – तथ्याङ्क शास्त्रका साधनहरूको पहिचान गर्न<br>– जनसङ्ख्या शिक्षामा तथ्याङ्क शास्त्रका विविध साधनको प्रयोग गरी जनसङ्ख्या विश्लेषण गर्न | – जनसङ्ख्या शिक्षामा तथ्याङ्क शास्त्र<br>– मध्यक र जनसङ्ख्या शिक्षामा यसको प्रयोग<br>– मध्यिका र जनसङ्ख्या शिक्षामा यसको प्रयोग<br>– रित र जनसङ्ख्या शिक्षामा यसको प्रयोग | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | – स्तरीयता विचलन र जनसङ्ख्या शिक्षामा यसको प्रयोग<br>– आवृत्ति, तालिकीकरण, स्तम्भ चित्र, वृत्त चित्रको अध्ययन साथै जनसाङ्ख्यिक तथ्याङ्कहरूको प्रस्तुति | |
| प्रयोगात्मक खण्ड | | | | | ४२ |
| सैद्धान्तिक | | | | | १२८ |
| जम्मा | | | | | १७० |

## ५. सिकाइ सहजीकरण प्रक्रिया

यस विषयका ज्ञान, सिप र धारणालाई सक्षमतामा आधारित बनाइएको छ । यस विषयको पाठ्यक्रमले सैद्धान्तिक एवम् व्यावहारिक पक्षहरूलाई समेटेको छ । यस विषयमा व्यावहारिक ज्ञान दिनका लागि विद्यालय वरिपरिको क्षेत्र र वस्तुहरूलाई शिक्षण सामग्रीका रूपमा प्रयोगमा ल्याउनुपर्ने छ । सिकाइ सहजीकरण गर्दा विद्यार्थीका रुचि, क्षमता र आवश्यकता तथा बहुबौद्धिकता र फरक सिकाइ क्षमतालाई समेत ध्यान गर्नुपर्ने छ । साथै विद्यार्थीलाई घोक्ने, कण्ठ गराउनेभन्दा पनि कार्य गरेर, प्रयोग गरेर, खोज गरेर सिक्ने पक्षलाई जोड गर्नुपर्ने छ । शिक्षकले यो विषय शिक्षण गर्दा कक्षामा विद्यार्थीहरूबिच छलफल गराउने, ससाना परियोजना कार्यहरू गर्न दिने, कक्षामा सोको प्रतिवेदन प्रस्तुत गर्न लगाउने र खोजी गर्ने कार्यमा संलग्न गराउने जस्ता शिक्षण सहजीकरण क्रियाकलापहरू प्रयोगमा ल्याउन सक्ने छन् ।

स्थानीय परिवेश, विषयवस्तुको प्रकृति र स्वरूपका आधारमा शिक्षण विधिमा विविधता ल्याउन सकिने छ । शिक्षकले शिक्षण विधिको छनोट गर्दा विद्यार्थीको उमेर, तह, रुचि, फरक सिकाइ क्षमता, बहुबौद्धिकता, सामाजिक तथा मनोवैज्ञानिक पृष्ठभूमि, विद्यार्थी सङ्ख्या, शैक्षिक सामग्रीको उपलब्धता आदि समेतलाई ध्यान दिनुपर्ने छ । सिकाइ सहजीकरण गर्दा विद्यार्थीहरूको सहभागिता एवम् सामूहिक तथा सहयोगात्मक सिकाइलाई प्रोत्साहन गर्नुपर्ने छ । शिक्षकले यस विषयमा सिकाइ सहजीकरण क्रियाकलापहरू सञ्चालन गर्दा विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्नुपर्दछ । त्यसैले शिक्षकले विद्यार्थीहरूको सक्रिय सहभागितामा विशेष जोड दिन आफूलाई सहज कर्ताको रूपमा प्रस्तुत गरी उनीहरूलाई प्रश्नोत्तर, छलफल, प्रतिवेदन लेखन तथा प्रस्तुति आदि क्रियाकलापहरूमा संलग्न हुन प्रोत्साहित गर्नुपर्ने छ । यसै गरी शिक्षकले विद्यार्थीका कमी कमजोरीहरूलाई राम्ररी केलाई उनीहरूलाई अप्ठ्यारो परेको ठाउँमा सहयोग पुऱ्याउनुका साथै आवश्यकताअनुसार थप योजना बनाई उपचारात्मक शिक्षण पद्धतिसमेत उपयोग गर्नुपर्ने छ ।

## ६. मूल्याङ्कन प्रक्रिया

जनसङ्ख्या शिक्षा विषयको पाठ्यक्रममा समावेश भएका सक्षमता, सिकाइ उपलब्धि र तिनका विषयवस्तुको आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुपर्छ । यस विषयको मूल्याङ्कन सैद्धान्तिक र प्रयोगात्मक दुवै

रूपमा हुने छ । यसमा सैद्धान्तिकअन्तर्गत ७५ प्रतिशत र प्रयोगात्मकअन्तर्गत २५ प्रतिशत अङ्कभार कायम गरिएको छ ।

### निर्माणात्मक मूल्याङ्कन

मूल्याङ्कन गर्दा निर्माणात्मक र निर्णयात्मक दुवै विधिहरूको प्रयोग गर्नुपर्ने छ । निर्णयात्मक मूल्याङ्कनका लागि विद्यार्थीहरूको कार्य सञ्चयिका फायल (Portfolio) बनाई उनीहरूले गरेका कार्य र सक्रियता अवलोकन तथा हाजिरीका आधारमा अङ्क प्रदान गर्नुपर्छ । विद्यार्थीले सैद्धान्तिक र प्रयोगात्मक खण्डमा प्राप्त गरेका अङ्कलाई छुट्टा छुट्टै र विषयगत कुल प्राप्ताङ्कलाई अक्षराङ्कन पद्धतिमा रूपान्तर गरी अक्षर ग्रेडमा मूल्याङ्कन गरिने छ । यस विषयमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन् :

(क) कक्षागत सिकाइ उपलब्धिअनुरूप विद्यार्थीहरूले विषयवस्तुको ज्ञान हासिल गर्न सकेका छन् वा छैनन् भन्नेबारे निरन्तर रूपमा मूल्याङ्कन गर्ने

(ख) विद्यार्थीका सिकाइको स्तर पहिचान गरी उनीहरूका कमी कमजोरी हटाउन अलग अलग योजना बनाई सोअनुरूप उपचारात्मक शिक्षण गरी सबै विद्यार्थीको सिकाइ सुनिश्चित गर्ने

(ग) निर्माणात्मक मूल्याङ्कनको आधारमा शिक्षण सहजीकरणमा आवश्यक सुधार गरी सिकाइलाई प्रभावकारी बनाउने

(घ) विद्यार्थी मूल्याङ्कनको यथार्थ सूचना विद्यार्थी र अभिभावकहरूलाई निरन्तर दिने र आवश्यक पृष्ठपोषण तथा परामर्श लिने/दिने

### प्रयोगात्मक मूल्याङ्कन

विद्यार्थीहरूको प्रयोगात्मक मूल्याङ्कनका लागि २५ प्रतिशत अङ्कभार निर्धारण गरिएको छ । प्रयोगात्मक मूल्याङ्कन गर्दा विद्यार्थीको निर्माणात्मक मूल्याङ्कनको समेत आधार लिनुपर्ने छ । प्रयोगात्मक मूल्याङ्कनको अङ्क निम्नानुसार वर्गीकरण गरी प्रदान गर्नुपर्ने छ :

निर्णयात्मक मूल्याङ्कनका आधारहरू विशिष्टिकरण तालिकाबमोजिम हुने छन् :

प्रयोगात्मक मूल्याङ्कनका आधारहरू निम्नानुसार हुने छन् :

| | |
|---|---|
| (क) सकारात्मक व्यवहार परिवर्तन | ५ अङ्क |
| (ख) प्रयोगात्मक मूल्याङ्कन फायल | १० अङ्क |
| (ग) परियोजना कार्य, क्षेत्र भ्रमण र प्रतिवेदन | ५ अङ्क |
| (घ) प्रयोगात्मक परीक्षा | ५ अङ्क |
| | जम्मा २५ अङ्क |

उक्त मूल्याङ्कनका लागि निम्नानुसारका प्रक्रिया अवलम्बन गर्नुपर्ने छ :

- निश्चित समयभित्र मात्र मूल्याङ्कन नगरी नियमित रूपमा विद्यार्थीले गरेका कार्य र व्यवहार परिवर्तनको अवलोकन गरी मूल्याङ्कन गर्नुपर्ने छ ।
- विद्यार्थीहरूको कार्य सञ्चयिका फायल (Portfolio) बनाई उनीहरूले गरेका कार्य, हाजिरी र सक्रियताका आधारमा अङ्क प्रदान गर्नुपर्ने छ ।
- प्रत्येक एकाइबाट कम्तीमा एक एकओटा परियोजना कार्य वा क्षेत्र भ्रमण गराई मूल्याङ्कन गर्नुपर्ने छ ।
- विद्यार्थीले गरेका सर्भेक्षण कक्षा कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, सिपमूलक कार्य, खोजमूलक कार्य आदि र सोसँग सम्बन्धित प्रयोगात्मक परीक्षालाई प्रयोगात्मक मूल्याङ्कनको प्रमुख आधार मानिने छ ।

प्रयोगात्मक मूल्याङ्कनको परियोजना कार्य र क्षेत्र भ्रमण बापत अङ्क प्रदान गर्दा विद्यार्थीले राष्ट्रिय महत्त्वका कार्यक्रमअन्तर्गत सम्पादन गरेका वा योगदान दिएका कार्यलाई समेत गणना गर्न सकिने छ । फरक क्षमता भएका विद्यार्थी र बहुबौद्धिकतालाई ख्याल गर्दै उपयुक्त मूल्याङ्कनका साधन, स्रोत र तरिका प्रयोग गरी मूल्याङ्कन गर्नुपर्ने छ । प्रयोगात्मक मूल्याङ्कनलाई स्पष्ट पार्न छुट्टै प्रयोगात्मक मूल्याङ्कन पुस्तिका विकास गरी प्रयोगमा ल्याइने छ ।

## निर्णयात्मक मूल्याङ्कन

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा स्तर निर्धारण गर्ने निर्णय लिइन्छ भने त्यस्तो मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन आवधिक रूपमा गर्ने गरिन्छ । यसका लागि प्रयोगात्मक तथा आन्तरिक मूल्याङ्कनको २५ प्रतिशत र अन्तिम परीक्षाका लागि ७५ प्रतिशत भार छुट्याएको छ । यस पाठ्यक्रमको अनुसूचीका रूपमा मूल्याङ्कन प्रक्रिया, अङ्क विभाजन तथा अन्तिम मूल्याङ्कनका लागि विशिष्टीकरण तालिका प्रकाशन गरिने छ । सम्बन्धित विद्यालय, राष्ट्रिय परीक्षा बोर्ड तथा सम्बन्धित अन्य निकायले सोहीअनुसार परीक्षा सञ्चालन र विद्यार्थीको स्तर वा ग्रेड निर्धारण गर्नुपर्दछ ।